# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल


प.स(Ref. No.) २०८२/०८३
सू.न.(Notice No.)

मिति:२०८३/०३/१०

**भूउपयोग परिवर्तन गर्ने सम्बन्धी सूचना !**

भूउपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७६ को पहिलो संशोधन अध्यादेश,२०८३ को दफा ८ को उपदफा (२क) बमोजिम कुनै व्यक्तिले आफ्नो हकभोगमा रहेको जग्गा निर्धारित प्रयोजनमा भन्दा फरक प्रयोजनमा प्रयोग गर्नुपर्ने भएमा सोको आधार र कारण खुलाई सम्बन्धित भूउपयोग परिषद् मा निवेदन दिनुपर्ने र प्राप्त निवेदन मनासिव देखिएमा एक पटकका लागि स्थानीय भूउपयोग परिषद्ले भूउपयोग परिवर्तन गर्न सक्ने भन्ने व्यवस्था रहेको हुँदा यस गाउँपालिका भित्र आफुले भोगचलन गरी आएको जग्गाको भूउपयोग परिवर्तन गर्नुपर्ने भएमा आधार र कारण खुलाई भूउपयोग नियमावली, २०७९ को दफा (११) बमोजिम यसै सूचना साथ संलग्न निवेदनको ढाँचामा तपसिलका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मिति १५ दिन (२०८३/०३/२४ गते) भित्र यस गाउँपालिका कार्यालयमा निवेदन पेश गर्नुहुनु सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिन्छ।

<u>तपसिल</u>

१. <u>निवेदन साथ संलग्न गर्नुपर्ने कागजात</u>

(क) नागरिकताको प्रमाणपत्र/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
(ख) भूउपयोग क्षेत्रमा वर्गीकरण भएको व्यहोरा खुल्ने कागजातको प्रतिलिपि।
(ग) जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि ।
(घ) जग्गाको नक्सा/ट्रेश नक्सा ।
(ङ) सम्बन्धित वडाको सिफारिस पत्र।

२०८३/०३/१०

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत


Website: www.uttargayamun.gov.np
Email: uttargayarm1@gmail.com
"समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी"
फोन नं. +९७७-१०५९२७७७